# आकाशवाणी समाचार

प्रमुख समाचार :-

1. प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातमा सोमनाथ अमृत महोत्सवको अवसरमा सोमनाथ मन्दिर, अटल विश्वास, दिव्यता र देशको शाश्वत आत्माको पवित्र प्रतीकको रूपमा उभिएको बताउनु भएको छ।

2. केन्द्रीय विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले विश्वव्यापी संकटको बीचमा प्रधानमन्त्री नरेन्द्र मोदीले देशका जनतालाई गर्नुभएको 7 शक्तिशाली अपीलहरू पालना गर्न नागरिकहरूलाई आग्रह गर्नु भयेको छ।

3. पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्य सरकारले बंगलादेशको सीमामा बार लगाउन सीमा सुरक्षा बललाई जग्गा हस्तान्तरण गर्ने निर्णय गरेको बताउनु भएको छ।

4. केंद्र सरकारले विकसित भारत जी राम जी- गारंटी फॉर रोजगार र आजीविका मिशन (ग्रामीण) अधिनियम, 2025 को कार्यान्वयन सम्बन्धि अधिसूचना जारी गरेको छ।

5. आईपीएल क्रिकेटमा, आज साँझ 7:30 बजे धर्मशालाको हिमाचल प्रदेश क्रिकेट एसोसिएशन स्टेडियममा पञ्जाब किंग्सले दिल्ली क्यापिटल्सको सामना गर्नेछ।

## प्रधानमन्त्री - सोमनाथ मन्दिर

प्रधानमन्त्री नरेन्द्र मोदीले सोमनाथ मन्दिर अटल विश्वास, दिव्यता र देशको शाश्वत आत्माको पवित्र प्रतीकको रूपमा उभिएको भन्नु भएको छ। उहाँले भन्नुभयो, सोमनाथ अमृत पर्व विगतलाई मनाउने पर्व मात्र होइन, तर आगामी एक हजार वर्षसम्म देशको प्रेरणा हुनेछ। गुजरातमा सोमनाथ अमृत महोत्सवको अवसरमा जनतालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भन्नुभयो, कुनै पनि राष्ट्र आफ्नो जरासँग जोडिएपछि मात्र लामो समयसम्म बलियो रहन सक्छ भनि सोमनाथले जनतालाई सम्झाउँछ।

कार्यक्रममा प्रधानमन्त्रीले सोमनाथ अमृत पर्वको अवसरमा विशेष स्मारक हुलाक टिकट र 75 रुपैयाँको विशेष स्मारक सिक्का जारी गर्नुभयो। यस अवसरमा मुख्यमन्त्री भूपेन्द्र पटेल र राज्यमन्त्री हर्ष संघवी पनि उपस्थित थिए।

## प्रविधि  दिवस –मोदी

आज राष्ट्रिय प्रविधि दिवस मनाइँदैछ। सन १९९८ मा यसै दिन भिरतले राजस्थानको पोखरणमा आफ्नो आणविक बमको सफलतापूर्वक परीक्षण गरेको थियो। यो दिनले देशका वैज्ञानिक उपलब्धिहरू, प्राविधिक प्रगतिहरू र बढ्दो नवप्रवर्तन पारिस्थितिक प्रणालीलाई मनाउँछ।

प्रधानमन्त्री नरेंद्र मोदीले राष्ट्रिय प्रविधि दिवसका अवसरमा देशवासीहरूलाई शुभकामना दिनुभयो। एर सोशल मिडिया पोस्टम, श्री मोदीले भन्नुऊभयो, आजको दिनमा भारतले वैज्ञानिकहरूको अथक परिश्रम र सम्पर्णलाई सम्झन्छ, जसका प्रयासहरूबाट १९९८ मा पोखरणमा  सफल परीक्षण संभव भएको थियो।

## जितेन्द्र सिंह - प्रौद्योगिकी दिवस

केन्द्रीय विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले विश्वव्यापी संकटको बीचमा प्रधानमन्त्री नरेन्द्र मोदीले देशका जनतालाई गर्नुभएको 7 शक्तिशाली अपीलहरू पालना गर्न नागरिकहरूलाई आग्रह गर्नु भयेको छ। प्रधानमन्त्री मोदीले हिजो नागरिकहरूलाई सात अपील गर्नु भएको थियो जसमा सम्भव भएसम्म घरबाटे काम गर्ने, इन्धन खपत घटाउने, एक वर्षको लागि विदेश यात्रा नगर्ने र स्वदेशी उत्पादनहरू अपनाउने कुरा समावेश थियो। उहाँले नागरिकहरूलाई खाना पकाउने तेलको खपत घटाउने, प्राकृतिक खेतीतर्फ लाग्ने र अनावश्यक सुन खरिद नगर्ने आग्रह गर्नुभएको। नयाँ दिल्लीमा राष्ट्रिय प्रविधि दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै डा. जितेन्द्र सिंहले यो दिनले 1998 मा भएको पोखरण विस्फोटको उपलब्धिहरूलाई सम्झाउँछ, भन्नुभयो। श्री सिंहले 2014 मा देशमा लगभग 350 स्टार्टअपहरू थिए तर आज देशमा दुई लाखभन्दा बढी स्टार्ट-अपहरू छन् र विश्व स्टार्ट-अप इकोसिस्टममा तेस्रो स्थानमा रहेको उल्लेख पनि गर्नुभयो।

## पश्चिम बंगाल - मंत्रिमंडल निर्णय

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज बंगलादेशको सीमामा बार लगाउनका लागि राज्य सरकारले सीमा सुरक्षा बल (BSF) लाई जग्गा हस्तान्तरण गर्ने निर्णय गरेको बताउनु भएको छ। चुनावपछि पश्चिम बंगालमा नयाँ सरकार गठन भएपछि आज बसेको पहिलो मन्त्रिपरिषद् बैठकमा यी निर्णयहरू गरिएका हुन्। मुख्यमन्त्रीले 45 दिन भित्र राज्यको सिमानामा बार लगाउनका लागि सीमा सुरक्षा बललाई जग्गा हस्तान्तरण गरिने घोषणा गर्दै पूर्व तृणमूल कांग्रेस सरकारले घुसपैठलाई प्रोत्साहन गर्न जग्गा रोकेको आरोप लगाउनु भयो। श्री अधिकारीले केन्द्रको प्रमुख आयुष्मान भारत स्वास्थ्य योजना र केन्द्र सरकारका अन्य धेरै योजनाहरू राज्यमा लागु गरिने घोषणा गर्नुभयो।

## केन्द्र- विकसित भारत जी राम जी

केन्द्र सरकारले विकसित भारत जी राम जी – गारंटी रोजगार र आजीवका मिशन (ग्रामीण) अधिनियम, २०२५ को कार्यान्वयनको अधिसूचना जारी गरेकोछ। यो ऐन यस वर्षको १ जुलाई देखि देशभरमा लागू हुनेछ। ग्रामीण विकास मन्त्रालयले भनेको छ, प्रत्येक आर्थिक वर्षमा १२५ दिनको ज्याला रोजगारीको ग्यारेन्टी गर्ने ऐनले ग्रामीण भारतलाई सशक्त बनाउनेछ। हाम्रा संवाददाताले बताए अनुसार,देशभर नयाँ ढाँचाको सञ्चालनको लागि चालू आर्थिक वर्षमा ९५ हजार ६९२ करोड़ रूपैयाँको प्रावधान गरिएको छ।

## अन्तर मन्त्रालय-ब्रिफिङ

सरकारले देशभर पेट्रोल र डिजेलको पर्याप्त भण्डार उपलब्ध रहेको र घरायसी खाना पकाउने आवश्यकताका लागि एलपीजी निरन्तर आपूर्ति भइरहेको बताएको छ। आज नयाँ दिल्लीमा पश्चिम एशियामा भएका हालैका विकासक्रम सम्बन्धी अन्तर मन्त्रालयस्तरीय ब्रीफिङलाई सम्बोधन गर्दै पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले सरकारले उपभोक्ताहरूलाई इन्धनको आपूर्ति सुनिश्चित गरिरहेको बताइन्। उनले विगत तीन दिनमा एक करोड 26 लाख बुकिङमध्ये एक करोड 14 लाख एलपीजी सिलिन्डर घरपरिवारमा पुऱ्याइएको जानकारी दिइन्। उनले प्रधानमन्त्री नरेन्द्र मोदीको अपील दोहर्याउनदै, पेट्रोल र डिजेलको खपत घटाउन सार्वजनिक यातायात र कार पुलको प्रयोग गर्न आग्रह गरिन्।

**पर्यावरण - सी.आई.आई. सम्मेलन**

केन्द्रीय पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले आज ठूला बिरालाहरूको बासस्थान पुनस्थापना, प्रविधि-संचालिते अनुगमन र समुदाय-आधारित संरक्षणको लागि कर्पोरेट कोष आवश्यक रहेको भन्नुभयो। नयाँ दिल्लीमा CII वार्षिक व्यापार शिखर सम्मेलनलाई सम्बोधन गर्दै मन्त्रीले उद्योग नेताहरूलाई विश्वव्यापी ठूला बिराला संरक्षण प्रयासहरूलाई सक्रिय रूपमा समर्थन गर्न आग्रह गर्नुभयो। श्री यादवले जानकारी दिनुभयो, भारतले बाघ, सिंह, चितुवा र हिउँ चितुवा सहित सात प्रमुख ठूला बिराला प्रजातिहरूको संरक्षणको लागि इंटरनेशनल बिग कैट्स एलायंस गठबन्धन अन्तर्गत राष्ट्रिय राजधानीमा अर्को महिनाको 1 र 2 तारिखमा पहिलो अन्तर्राष्ट्रिय बिग कैट्स शिखर सम्मेलन आयोजना गर्नेछ। भारतको जलवायु उपलब्धिहरूलाई प्रकाश पार्दै, श्री यादवले भन्नुभयो, देश अब नवीकरणीय ऊर्जा स्थापित क्षमतामा विश्वव्यापी रूपमा तेस्रो स्थापना छ।

**आईपीएल क्रिकेट**

आईपीएल क्रिकेटमा, धर्मशालास्थित हिमाचल प्रदेश क्रिकेट एसोसिएशन स्टेडियममा, पञ्जाब किंग्सले दिल्ली क्यापिटल्सको सामना गरि रहेको छ।

Toss जितेर दिल्ली क्यापिटल पहिले बॉलिङ गर्ने फैसला गरेको छ।